# त्रि. वि. आंशिक प्राध्यापक संघ
## केन्द्रीय कमिटि
## त्रिभुवन विश्वविद्यालय, नेपाल

मिति २०७७/०७/०७ गते

श्री............ ....................................... ज्यू
..........................................................
..........................................................

आंशिक प्राध्यापकहरुको पत्र ।

त्रिभुवन विश्वविद्यालय ऐन सन १९५६ अनुसार १९५६ मा स्थापना भएको ६१ वर्षे इतिहास बोकेको त्रिभुवन विश्वविद्यालय मुलुककै जेठो र संसारकै बाह्रौँ ठूलो विश्वविद्यालय हो । यस विश्वविद्यालयअन्तर्गत ५ institute, ४ faculty , ४ अनुसन्धान केन्द्र, ४० केन्द्रीयविभाग, ६२ आंगिक क्याम्पस १०६२ सम्बन्धन प्राप्त क्याम्पसहरुमा ६ लाख भन्दा बढी विद्यार्थीहरु अध्ययनरत छन् । देशको समग्र विकासको लागि आवश्यक सक्षम मानव स्रोतको विकास गर्ने, स्तरीय शिक्षा प्रदान गर्ने, राष्ट्रिय संस्कृति र परम्परालाई संरक्षण गरी विकास गर्ने र बृहत् व्यापारिक र समयानुकुल बौद्धिकतालाई कला विज्ञान र प्रविधिको अन्वेषणमा लगाउने उद्देश्यका साथ स्थापित यस विश्वविद्यालयले उद्देश्यअनुरुप उपलब्धि हासिल गर्न सकिरहेको छैन। त्रिभुवन विश्वविद्यालयमा दुई प्रकारका मानव स्रोतहरू परिचालित छन् । अध्यापन गर्ने (Teaching staff ) र प्रशासनिक कार्य गर्ने (Non-teaching staff)। विश्वविद्यालयमा अध्यापन गर्ने प्राध्यापकहरु सामान्यतया त्रिवि सेवा आयोगको परीक्षाबाट स्थायीरुपमा , पूर्णकालीन करार (अस्थाई ) र दैनिक ज्यालादारी (आंशिक) गरी तीन प्रकारका छन् । स्थायी प्राध्यापक हरुले तोकिएको scale अनुसारको पारिश्रमिक , अन्य सुविधा र सेवानिवृत्त पछि पेन्सन पाउँछन् । पूर्णकालीन (करार ) प्राध्यापकहरुले तोकेको मासिक पारिश्रमिक (१३ महिना) पाउँछन् । तर उस्तै योग्यता भएका , एउटै विषय पढाउने आंशिक प्राध्यापकहरुले कलेज सञ्चालन भएको दिन कक्षामा पढाइ सकेपछि मात्र प्रति पिरियड रु ३५० पारिश्रमिक पाउँछन् । शनिबार र अन्य सरकारी विदा समेत कार्य दिन गणनामा पर्दैन । हरेक महिना उमेर हदका कारण निवृत्त भएका ,लामो अध्ययन बिदामा बसेका अन्य सरकारी नियुक्ति पाएका र विषय थप भएका पदहरुमा विश्वविद्यालयले तुरुन्तै स्थायी वा करारमा प्रध्यापक नियुक्ति गर्न सक्दैन । यस्ता खाली भएका पदहरुमा विषय अनुसार प्रक्रिया पूरा गरी छनोट भई आएका दैनिक ज्यालादारी (आंशिक ) प्राध्यापकहरु बाट कक्षा सञ्चालन गरिन्छ । त्रिवि ऐनअनुसार हरेक ६/६ महिनामा रिक्त दरबन्दीमा पदपुर्ति गर्ने व्यवस्था भएपनि वर्षौंसम्म सेवा योग नखुल्ने , खुलेको समयमा ज्यादै न्यून दरबन्दीमा मात्रै खुलेका कारण २०६३ सालदेखि हालसम्म मासिक ज्यालादारीमा झण्डै तीन हजार आंशिक प्राध्यापकहरु कार्यरत छन् । देशभरिका ६२ वटै आंगिक क्याम्पसका ७० प्रतिशत कार्यभार यीनै मासिक ज्यालादारी प्राध्यापकहरुले लिइरहेका छन् । यदि आंशिक प्राध्यापक हरुले कक्षा लिएनन् भने सम्पूर्ण क्याम्पस हरु बन्द हुने अवस्थामा छन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठन सम्बन्धी कानूनको व्याख्या गर्ने र नेपालको संविधानको धारा, धारा व्याख्या गरी मौलिक हकसम्बन्धी अध्यापन गरी स्नाकोत्तर तयार गर्ने प्राध्यापक हरु नै आफ्नो अस्तित्वको खोजीमा वर्षदेखि आन्दोलित छन्।

विश्वविद्यालय आफैमा आज असमानता र शोषणको केन्द्र बनिरहेको छ । विश्वविद्यालयले विगतमा गरेका अभ्यास र सहमति तथा सम्झौता कार्यान्वयन नगरी पेशागत स्थायीत्वका लागि विगत १५ वर्ष देखि प्राध्यापनरत आंशिक प्राध्यापकहरुले अनवरत रुपमा आन्दोलन गर्दै त्रि.वि, नेपाल सरकार लगायत सरोकारवालाहरुसंग सहमति गर्ने र सहमति कार्यन्वयन नभएपछि पुन आन्दोलनरत रहेको व्यहोरा यहाँलाई अवगत गराउदछौ । हामी आंशिक प्रध्यापकहरु चरम श्रमशोषणमा परेका छौं र एउटा सामान्य माग **“ समान कामको समान ज्याला”** समाजवाद उन्मुख जुन राज्य व्यवस्थाको परिकल्पना गरेको नेपालको संविधानको मौलिक हक, नेपाल सरकारले गरेको अन्तराष्ट्रिय श्रमसम्झौता अनुसार त्रिभुवन विश्वविद्यालयले लागु गर्नुपर्ने अनिवार्य सर्त हो । नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका अन्य सम्पूर्ण शैक्षिक प्रतिष्ठान र संस्थाहरुमा यो व्यवस्था लागु हुनु तर त्रिभुवन विश्वविद्यालयमा मात्र लागू नहुनु विश्वविद्यालयको नियत र नेतृत्वप्रति गंभिर प्रश्न खडा गरेको छ ।

विश्वविद्यालयमा उपप्राध्यापक (करार) को १५ पिरियड साप्ताहिक कार्यभार निर्धारण गरीएको छ, सो बापत आंशिक प्राध्यापकलाइ काम समान तर ज्याला ३०० प्रतिशतले कम प्रदान गर्नुले विश्वविद्यालयमा न्याय मरेको अनुभुति भइरहेको छ । के यहि हो संविधानले परिकल्पना गरेको समानताको हक ? यसले आंशिक प्राध्यापकहरुलाई मानसिक र मनोवैज्ञानीक रुपमा अपमानित गर्ने, निरुत्साहित गर्ने, चरम श्रमशोषण गर्ने दिर्घरोग विश्वविद्यालयमा झागिदै गइरहेको छ । यो अबस्था रहेसम्म उच्च शिक्षालाई गुणस्तरीय बनाउने परिकल्पना पुरा हुन सक्दैन त्यसकारण यसको तत्काल अन्त्य गरिनु पर्दछ । विश्वविद्यालयमा रहेको श्रम शोषणको अन्त्य गर्ने गरि विगतमा त्रि.वि र सरकारसंग भएका सहमति र संम्झौताको तत्काल कार्यान्वयन गर्न जोडदार माग गर्दछौ ।

**आंशिक प्राध्यापक संघसंग विभिन्न मितिमा भएका सहमति र संम्झौताहरु :**

- २०६५/०६/२१ तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को निर्देशनमा त्रिभूवन विश्वविद्यालय, शिक्षा मन्त्रालय र आंशिक प्राध्यापक बिच भएको वार्ताबाट आंशिक प्राध्यापकहरुलाई करार गर्ने सहमति ।
- २०६५/०६/२१ गते माननीय श्रम मन्त्री लेखराज भट्टद्वारा पेशाकर्मीका जायज माग पुरागर्न न्यायसंगत हिसावले कार्यगर्ने मन्त्रालयको पत्रमार्फत लिखित प्रतिबद्धता ।
- २०६६/०५/३१ गते तत्कालीन प्रधानमन्त्री माधव कुमार नेपालको निर्देशनमा त्रिभुवन विश्वविद्यालय वार्तासमितिका संयोजक प्रा.डा. वर्तराज आचार्य, शिक्षा मन्त्रालयमा सहसचिव लवदेव अवस्थी समेत र आंशिक प्राध्यापक संघका प्रतिनिधि बिच वार्तामा माग सम्बोधन गर्ने भएको सहमति ।
- २०६६/०६/०१ मा शिक्षा मन्त्रालयबाट २०६६/०५/३१ को सहमति कार्यान्वयन गर्न त्रिभुवन विश्वविद्यालयलाई ऐन २०४९ को दफा १७ (३) बमोजीम सहकुलपति शिक्षामन्त्रीबाट निर्देशनदिने निर्णय सहितको पत्र ।

- आंशिक प्राध्यापकका समस्या समाधान गर्न निश्चित आधारहरु र दरबन्दी किटान गरी करारका लागि सिफारिस गर्ने ।
- त्रिभुवन विश्वविद्यालयले प्रक्रिया पुरागरी करार गर्ने ।

➢ त्रिभुवन विश्वविद्यालयद्वारा गठित वार्ता समिति संयोजक हेम पौडेल र आंशिक प्राध्यापक संघका प्रतिनिधि बिच भएको सहमति २०६९/२/३२ गते ।

- त्रि.वि.का आंगिक क्याम्पसहरुमा रिक्त दरबन्दीमा आवश्यकता अनुसार नियम बमोजिम करार गर्ने र एक महिनामा कार्य प्रारम्भ गरी सम्पन्न गर्ने ।
- त्रिभुवन विश्वविद्यालयका अतिरिक्त कक्षा लिए वापत पाउने पारिश्रमिक बृद्धि गर्ने ।

➢ २०७४/०१/२५ गते त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदको २०७४/०१/१९ को १२४३ औं बैठकको निर्णय अनुसार आंशिक प्राध्यापक संघसंग भएको सहमति र अन्य कार्यक्रम विस्तारका लागि १४२० दरबन्दी मागका लागि शिक्षा मन्त्रालयलाई पत्राचार ।

➢ २०७४ साल असोज २७ गते शिक्षा मन्त्रालयबाट गठित वार्ता समितिका संयोजक डा. डिल्लीराज रिमाल समेत र आंशिक प्राध्यापक संघका प्रतिनिधि बिच भएको वार्ताका निर्ष्कष ।

- त्रिभुवन विश्वविद्यालयबाट माग भई आएको १४२० दरवन्दीका लागि अर्थमन्त्रालयको सहमति लिई मन्त्रीपरिषदमा पेश गर्ने ।
- दरबन्दी स्वीकृत पश्चात हालसम्म कार्यरत आंशिक प्राध्यापकहरुलाई करार सेवामा लैजान त्रिभुवन विश्वविद्यालयलाई निर्देशन दिने ।

➢ शिक्षा मन्त्रालय माननीय मन्त्रीबाट आंशिक शिक्षकको समस्या समाधानका लागि १४२० दरबन्दी र आवश्यक श्रोत उपलब्ध गराउन मन्त्री स्तरको निर्णय अनुसार उक्त प्रस्ताव मन्त्रीपरिषदमा पेश २०७४/०८/०८ गते ।

➢ शिक्षा मन्त्रालयको मिति २०७४/८/२७ को पत्रबाट विश्वविद्यालय अनुदान आयोगलाई पत्रचार गरी त्रिभुवन विश्वविद्यालयमा कार्यरत १४२० जना प्राध्यापकलाई करार गर्ने र त्यसको लागि चाहिने आर्थिक श्रोत अर्थमन्त्रालयले शिक्षा मन्त्रालयसंग समन्वय गरी विश्वविद्यालय अनुदान आयोग मार्फत त्रिभुवन विश्वविद्यालयलाई निकासा दिने (मन्त्रीपरिषदको ०७४/०८/०८ को निर्णय)

## त्रि.वि.को वर्तमान नेतृत्व र प्रतिवद्धताका सन्दर्भमा

त्रिभुवन विश्वविद्यालयका वर्तमान उपकुलपति प्रा.डा.धर्मकान्त वास्कोटा नियुक्ती भए पश्चात आंशिक प्राध्यापकहरुले करारको माग गर्दै पृथ्वीनारायण क्याम्पस, बुटवल बहुमुखी क्याम्पस, धवलागिरी बहुमुखी क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस, वीरेन्द्र वहुमुखी क्याम्पस लगायत भ्याली बाहिरका सबै क्याम्पसहरुमा आन्दोलन चलिरहेको सन्दर्भमा उपकुलपति प्रा.डा. धर्मकान्त वास्कोटाले समस्याको सिघ्र समाधान गर्ने प्रतिवद्धता जाहेर गर्दै २१ दिनको समयावधि दिएर प्रा.डा. विनोद पराजुलीको संयोजकत्वमा आंशिक प्राध्यापक व्यवस्थापन सुझाव समिति गठन भयो। यो समितिले पोखरा, बुटवल र अन्य क्याम्पसमा गई समस्याको समाधान गर्ने प्रतिवद्धता जनाएको र प्रा.डा. ओम बरालको नेतृत्वमा वनेको टिमले पि.एन क्याम्पस र धवलागिरी बहुमुखी क्याम्पसमा लिखित तथा मौखिक प्रतिवद्धता जनाएको स्मरण गराउन चाहन्छौं। प्रा.डा.विनोद पराजुली नेतृत्वको समितिले बुझाएको प्रतिवेदन सार्वजनीक नगरी कार्यविधि निर्माणका लागि प्रा. डा. ओम बरालको नेतृत्वमा बनेको समितिको सिफारिसमा ०७७ भाद्र १ गते जारी भएको **अतिरिक्त कक्षा व्यवस्थापन निर्देशिका २०७७** ले विगत लामो समयदेखि आंशिक प्राध्यापक संघले उठाएका न्यायीक मागलाई संवोधन गर्न नसकेको र स्वयम् संयोजकले जनाएको लिखित प्रतिबद्वता र उपकुलपतिको मौखिक प्रतिबद्वतालाई समेत समेटन नसकेको हुनाले त्रि.वि. आंशिक प्राध्यापक संघ केन्द्रीय कमिटिले यसलाई पूर्णत अस्वीकार गरेको व्यहोरा जानकारी गराई पुर्व प्रतिवद्धता र त्रि.वि.ले गरेको सम्झौता बमोजीम नयाँ कार्यविधि जारीगर्न माग गर्दछौं।

**किन मान्य भएन निर्देशिका :**

**माथी उल्लेखित पृष्ठभूमिका आधारमा भाद्र १ गते जारी गरिएको निर्देशिकाले आंशिक प्राध्यापक संघले उठाएका मागलाई सम्बोधन गर्न नसकेका कारणले हामिले यसलाई अस्वीकार गरेका छौ किनकी :**

१. आंशिक प्राध्याकहरुले विगतदेखि उठाँउदै आएको **“समान कामको समान ज्याला”** भन्ने कुरालाई निर्देशिकाले नसमेटेको र आर्थिक तथा श्रम शोषणलाई निरन्तरता दिइएको हुनाले ।
२. निर्देशिकाले विगत लामो समयदेखि कार्यरत आंशिक प्राध्यापकहरुको पेशागत स्थायीत्व प्रदान गर्न नसकेको हुनाले ।
३. त्रि.वि.ले आंशिक प्राध्यापकसंग गरेका सहमती, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन नगरेको हुनाले ।
४. आंशिक प्राध्यापकहरुलाई यो निर्देशिकामा प्रयोग भएका शव्द/बाक्यले अपमान गरेको हुनाले र अन्य प्राध्यापक सरह समान व्यवहार नगरेकाले ।

**हाम्रो माग :-**

विश्वविद्यालयसंग हामीले सामाजीक न्याय र समानता कायम हुनेगरी आंशिक प्रध्यापकहरुको व्यवस्थापन गरियोस भन्ने रहदै आएको छ । त्यसका लागि अहिले जारी गरिएको निर्देशिकाले माग संवोधन गर्न नसकेको हुनाले **नयाँ कार्यविधि निर्माण वा निर्देशिका पुर्नलेखन** गरी निम्न माग संवोधन गर्न जोडदार माग गर्दछौं ।

- त्रिभुवन विश्वविद्यालयमा **समान कामको समान ज्यालाको** ग्यारेन्टी गरियोस । एक शैक्षिक सत्र पुरा गरेका सम्पुर्ण आंशिक प्राध्यापकहरुलाई शिक्षण सहायक सरहको सम्पूर्ण सेवा सुविधा प्रदान गर्नेगरि करारको ग्यारेन्टी गरियोस ।
- आंशिक प्राध्यापकहरुको पेशागत स्थायित्वको ग्यारेन्टी गरियोस ।
- विश्वविद्यालयमा आंशिक प्राध्यापकहरुलाई पनि अन्य प्राध्यापक सरह प्राज्ञीक उन्नयनको व्यवस्था लागू गरियोस ।
- आंशिक प्राध्यापक तथा अन्य प्राध्यापकहरुका बारेमा कार्यविधि वा निर्देशिका वा अन्य कुनै नीतिगत व्यवस्था गर्दा सरोकारवालाहरुको छलफल, समन्वय र सहमतीमा जारी गरियोस ।

# त्रि. वि. आंशिक प्राध्यापक संघ

**केन्द्रीय कमिटि**

**त्रिभुवन विश्वविद्यालय, नेपाल**

माथि उल्लेखित पृष्ठभूमी र तत्थ्यका आधारमा बर्षौदेखी आफ्नो उर्जाशिल जीवन विश्वविद्यालयको काममा समर्पित गरेका आंशिक प्राध्यापकहरुको अवस्था अत्यन्तै कहालीलाग्दो र पिडादायी रहेको छ । समस्या जहाँको त्यही छ । आंशिक प्रध्यापकहरुले सालिनता पूर्वक जायज माग संवोधन गर्न माग गरिरहने तर विश्वविद्यालयले निरन्तर यसलाई कमजोरी ठान्ने र वेवास्ता गरिरहने हो भने हामीसंग सम्झौताविहिन संघर्ष गर्नु बाहेक अर्को विकल्प छैन । आंशिक प्राध्यापकहरुलाई सम्मानीत पेशा र जीवनको लागि  जबरजस्त रुपमा संघर्षमा जान उत्प्रेरित गरेको हाम्रो बुझाई रहेको छ ।

हामि तपाईहरुका सन्तान हौं । सन्तानलाई माया र सम्मान चाहिएको छ अपमान होइन । अपमानले सन्तानलाई गलतबाटोमा लानपनि सक्छ ,त्यसले ल्याउने परिणाम विश्वविद्यालयका लागि प्रत्युत्पादक पनि हुन सक्दछ। त्यसैले आंशिक प्राध्यापकहरुका मागहरुलाई सिघ्र समाधन गर्न यहाँहरुको साथ, समर्थन चाहियको छ । यस समस्याको राजनैतिक स्तरबाट समाधान गराउन यहाँले आवश्यक सहयोग गर्दै महत्वपुर्ण भुमिका निर्वाह गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

राजेन्द्र गिरी
महासचिब

चन्द्रवदना राई
अध्यक्ष

**बोधार्थ एवं समस्या समाधानका लागि आवश्यक सहयोग गरिदिनु हुन ।**

**१. सम्माननीय प्रधानमन्त्री तथा कुलपतिज्यु ,**

**२. सम्माननीय शिक्षामन्त्री तथा सहकुलपतिज्यु ,**

**३. मन्त्रीज्युहरु - संघिय सरकार**

**४. माननीयज्युहरु, प्रतिनिधि सभा**

**५. माननीयज्युहरु, राष्ट्रिय सभा**

**६. मुख्यमन्त्रीज्यु तथा मन्त्रीज्युहरु -  प्रदेश सरकार**

**७. माननीयज्युहरु, सवै प्रदेश सभा**

**८. केन्द्रीय अध्यक्षज्युहरु, सम्पुर्ण राजनैतिक दल**